लुम्विनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
# डिभिजन वन कार्यालय बर्दिया
गुलरिया, नेपाल

पत्र संख्याः २०८२/०८३
च.नं.: ४२४४

मितिः २०८३/०१/१०

**बिषयः सूचना वेभसाईटमा अपलोड गरी सो को जानकारी उपलब्ध गराईदिने सम्बन्धमा ।**

श्री वन तथा वातावरण मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

श्री वन निर्देशनालय
बुटवल, रुपन्देही

प्रस्तुत बिषयमा जिराहा सामुदायिक वन, बारबर्दिया नपा-४ वैरिया, बर्दिया को प.सं. २०८२/०८३, च.नं. २५, मिति २०८३/०१/१० को पत्रसाथ संलग्न वनपैदवार बिक्री सम्बन्धी सूचना यस कार्यालयमा प्राप्त भएकोले समूहको माग अनुसार ताहाँको वेभसाईटमा अपलोड गरी सो को जानकारी उपलब्ध गराई दिनुहुन सादर अनुरोध छ ।

सिनियर डिभिजनल वन अधिकृत

__बोधार्थः__

श्री जिराहा सामुदायिक वन, बारबर्दिया नपा-४ वैरिया, बर्दिया : ताहाँबाट प्राप्त सूचना यस कार्यालयको सूचना पाटीमा टाँस गर्नुका साथै वेभसाईटमा समेत अपलोड गरिएको ब्यहोरा जानकारी गराईन्छ ।

रुख रोपौं, वन जोगाऔं

# जिराहा सामुदायिक वन उपभोक्ता समूह

बारबर्दिया न.पा. ४ बैरीया, बर्दिया

लुम्बिनी प्रदेश, नेपाल

प.सं.: ०८२/०८३

च.नं.: २४

मिति : २०८३/०१/१०

श्री डिभिजन वन कार्यालय

गुलरिया बर्दिया

दर्ता नं. ६२४५ २२१ मिति २०८२/१/१०

विषय : सूचना वेभसाईटमा अपलोड गरि जानकारी पठाइदिने सम्बन्ध

प्रस्तुत विषयमा यस समूहबाट मिति २०८३/०१/१० गते नागरिक राष्ट्रिय दैनिक पत्रिकामा पहिलो पटक प्रकाशित गोलिया काठ तथा दाउराको बोलपत्र द्वारा लिलाम बिक्री सम्बन्धी विस्तृत सूचना थारु र यसै पत्रसाथ संलग्न राखी पठाइएको छ। तहाँ कार्यालयको वेभसाइटमा अपलोड गरि सोको जानकारी यस समूहमा पठाइदिनुहुन अनुरोध छ। साथै वन तथा वातावरण मन्त्रालय राप्ती उपत्यका (देउखुरी) दाङ, र वन निर्देशनालय, बुटवल, कपिलवस्तुको वेभसाइटमा समेत अपलोड गर्नका लागि आवश्यक सहयोग गरिदिनु हुन समेत अनुरोध छ।

रामचन्द्र थारु

अध्यक्ष

डिभिजन वन कार्यालय, बर्दिया

दर्ता नं. ६२२२

मिति ०८३/१/१०

अनुसूचि १६

(दफा ३३ को उपदफा (२) सँग सम्बन्धित)

# श्री जिराहा सामुदायिक वन उपभोक्ता समूह

**बारबर्दिया न.पा. ०४, बैरिया, बर्दिया**

प.स.

च.नं.

मितिः २०८३/०१/१०

**विषयः गोलिया काठ र दाउरा बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना ।**

लट नं. १ र २ (२०८२/०८३)

<u>पहिलो पटक सुचना प्रकाशन मिति २०८३।०१।१०</u>

श्री जिराहा सामुदायिक वन उपभोक्ता समूहको वनबाट आ.व.२०८२/०८३ मा रुखहरु कटान मुछान गर्दा उत्पादित गोलिया काठ बारबर्दिया न.पा. ०४, को घाटगद्दिमा रहेको तपसिलमा उल्लेखित परिमाणको काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, सघंसस्था, फर्म वा कम्पनीले यो सुचना **नागरिक राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८३/०१/१० गते प्रकाशन भएको मितिले २१ दिन भित्र यस समूहको कार्यालय र डिभिजन वन कार्यालय बर्दियाबाट बोलपत्र खरिद गरी २२ औं** दिन दिनको १२:०० बजे भित्रको समयमा यस जिराहा सामुदायिक वन उपभोक्ता समुहको कार्यालय बारबर्दिया न.पा. वडा नं. ०४ बर्दिया र डिभिजन वन कार्यालय बर्दियामा सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ ।

<u>तपसिल</u>

१.वन पैदावारको बिवरणः-

| वन पैदावार | | | | | | | मुल्याङकन (रु.) | |
|---|---|---|---|---|---|---|---|---|
| लट नं. | धाङ्ग नं. | जात | ग्रेड | किसिम | थान | परिमाण घ.फि. | न्युनतम मुल्य रु. | सङ्कलन खर्च |
| १ | ६, ७,८,९, १०,११ ,१२ र १३ | इपिलइपिल | N | गोलिया | ११ | २९।८४ | २९८४/- | काठ संकलन खर्च प्रति क्यू.फि. रु.१२५/- र दाउरा प्रति चट्टा ९५०० साकार कर्ताले व्यहोर्नु पर्नेछ । |
| | | कर्मा | C | गोलिया | १७ | ३९।०५ | ३९०५/- | |
| | | खयर | N | गोलिया | १५ | १८।५१ | १८५१०/- | |
| | | गुटेल | N | गोलिया | १० | २४।९९ | २४९९/- | |
| | | जामुन | B | गोलिया | १ | ५।०० | १५००/- | |
| | | जामुन | C | गोलिया | ६५ | ११५।६० | ११५६०/- | |
| | | सागवान | A | गोलिया | ३ | ३७।८९ | ३०३१२/- | |
| | | सागवान | B | गोलिया | ७२ | १९३।१४ | ११५८८४/- | |
| | | सिमल | N | गोलिया | २७ | ११४।४९ | १७१७३।५/- | |
| | | सिरिस | B | गोलिया | ६ | २३।३१ | ४६६२/- | |
| | | सिसौ | A | गोलिया | ८५ | ५३१।९६ | ३७२३७२/- | |
| | | सिसौ | B | गोलिया | ७१८ | १५३३।५४ | ७६६७७०/- | |
| २ | | सिसौ।टिक | . | दाउरा | | ३।०० चट्टा | ३६०००/- | |
| | | अन्य जातको | | दाउरा | | १।५० चट्टा | ६०००/- | |
| | | जम्मा | | | १०३० | २६४९.५८ | १३९०१३१।५/- | |

२.बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय

(क) अन्तिम मितिः२०८३।०१।३१ (ख) समय दिउँसो १२:०० बजेसम्म ।

अनुसुचि १६

(दफा ३२ को उपदफा (२) संग सम्बन्धित)

# श्री जिराहा सामुदायिक वन उपभोक्ता समूह

## बारबर्दिया न.पा. ०४, बैरिया, बर्दिया

३.बोलपत्रसाथ कबुल गरेको रकम को १० प्रतिशतले हुन आउने रकम बोलपत्र खरिद गरेको सामुदायिक वन उपभोक्ता समुहको नेपाल बैक, लिमिटेड गुलरिया शाखा कार्यालय, बर्दियामा रहेको हिसाब नं. २४०००१०६६९६४१३००००१ खातामा नगद जम्मा गरेको सक्कल भौचर/-----------------बैंकमा कम्तिमा ६ महिना अवधिको बैंक जमानत समावेश हुनुपर्नेछ ।

४.बोलपत्र फारमको रु. २००० र ३००।– पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूह र डिभिजन वन कार्यालय बर्दियाबाट खरिद गरि खरिद गरेको निकायमा दाखिला गर्नु पर्नेछ ।

५.लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय दिनको ५:०० बजे भित्र जिराहा सामुदायिक वन उपभोक्ता समुहको घाटगद्दि स्थलमा गई हेर्न सकिनेछ।

**६.लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मको प्रोपराईटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ,फर्म वा कम्पनि दर्ता प्रमाण पत्रको प्रतिलीपि ,कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि र मुल्य अभिबृद्धी कर दर्ता प्रमाण पत्रको प्रतिलीपि वा स्थाई लेखा नम्वर (PAN) दर्ता प्रमाण पत्रको प्रतिलीपि र संघीय वन नियमावली २०७९ को नियम १२८ बमोजिम सम्बन्धित डिभिजन वन कार्यालयमा सुची दर्ता गरेको प्रमाण पत्रको प्रतिलिपि बोलपत्रसाथ पेश गर्नु पर्नेछ ।**

७.निर्धारित न्युनतम संख्याका र रीतपुर्वक पर्न आएका बोलपत्रहरु मिति २०८३।०१।३१ गते दिनको २:०० बजे साक्षीहरुको रोहवरमा खोलिने छ ।

८.लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मुल्य अभिबृद्धी कर, अग्रिम आय कर, संकलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाईलैजानु पर्नेछ ।

९.बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुबैमा लेख्नुपर्नेछ ।अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिईनेछ ।

१०.प्रस्तुत बोलपत्रको सम्वन्धमा कुनै बिवाद उत्पन्न भएमा त्यसको अन्तिम निर्णय दिने अधिकार सम्बन्धित निकायको हुनेछ ।

११. रितपुर्वक नभएको वा शर्त राखिएको र म्याद नाघि प्राप्त भएको बोलपत्र मान्य हुने छैन ।

१२. प्रस्तुत बोलपत्र सदर वा बदर गर्ने सम्पुर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

१३. अन्य कुराहरु प्रचलीत कानुन अनुसार हुनेछ ।